नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(बोर्ड/संस्थान/छात्रवृत्ति)०८०/८१
च.नं. : २६४

मिति: २०८०।०७।१५

बिषयः सेवाकालिन प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको यसै सूचना साथ संलग्न प.सं. PSTD/CIsT, च.नं. २०५/८०/८१ मिति २०८०।०७।१४ को पत्रबाट नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत द्वितीय श्रेणीका अधिकृतहरुका लागि Advanced course on Management and Development (ACMD) बिषयक प्रशिक्षण कार्यक्रम मिति २०८०/८/२० गते देखि र अधिकृत तृतीय श्रेणीका लागि Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम क्रमश मिति २०८०।०८।१९ देखि सञ्चालन हुने र उक्त तालिम कार्यक्रममा सहभागिताको लागि योग्यता पुगेका द्वितीय श्रेणी वा सो सरहका १ (एक) जना र तृतीय श्रेणी वा सो सरहका १ (एक) जना कर्मचारी मनोनयन गरी पठाउन लेखि आएको हुँदा यस मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत योग्यता पुगेका इच्छुक राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुले यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा (बोर्ड/संस्थान/ छात्रवृत्ति) वा agriadmin@moald.gov.np मा मिति २०८०।०७।२१ गते भित्र आवेदन दिनुहुन यस मन्त्रालयको मिति २०८०।०७।१५ को निर्णयानुसार अनुरोध छ ।

नोटः आवेदन दिंदा PIS विवरण, तपसिलमा उल्लेखित ढाँचा बमोजिमको विवरण भरी पठाउनुहुन अनुरोध छ ।

तपसिल

| कर्मचारीको नाम थर/क.सं.नं. | श्रेणी/पद | सेवा/समूह | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत कार्यालय | सम्पर्क नं/ ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |

०८०।७।१५

(मेघराज पन्त)
शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


मितिः २०८०/०७/१४

प.सं. PSTD/CIsT

च.नं. २०५/०८०/८१

श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD) तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८०/८१ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट नामावली मनोनयन गराई सो **मनोनयन पत्र मिति २०८०/०८/०५ गतेसम्म इमेल ठेगाना** inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति | सम्पर्क व्यक्ति | Registration link |
|---|---|---|---|---|
| PCMD 6 | १ जना | २०८०/०८/१९ देखि ३२ कार्यदिने | श्री रोशनी भुजेल (९८५१२०१०४६) | https://forms.gle/rEuPqhkqA9dHzug36 |
| ACMD 4 | १ जना | २०८०/०८/२० देखि ४० कार्यदिने | श्री रोशनी भुजेल (९८५१२०१०४६) | https://forms.gle/6E6GvAidaTfqnpqS7 |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८० कार्तिक मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८० कार्तिक मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी पछि गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संगलन पत्र प्रतिष्ठानको ईमेल inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले ACMD का लागि https://forms.gle/6E6GvAidaTfqnpqS7 र PCMD का लागि https://forms.gle/rEuPqhkqA9dHzug36 मार्फत registration गर्नु पर्नेछ।
- अन्य जानकारी प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा पनि हेर्न सकिनेछ।

.............................
स्मृति प्रधान
प्रशिक्षण तथा अनुसन्धान अधिकृत


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: ३१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४२०६